मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १

मिति २०८२/०५/२३ र २४ गतेको Gen-Z आन्दोलनको क्रममा २४ गते नेपालगञ्ज उप-महानगरपालिकाको केन्द्र र केहि वडाहरु (वडा नं ७ र ९) मा गरिएको आगजनी, तोडफोड, लुटपाट लगाएतका विध्वंशात्मक क्रियाकलापबाट भौतिक पूर्वाधार सहितका दस्तावेज/कागजात/अभिलेखहरु सहित जिन्सी सामाग्रीहरु (कम्प्युटर जन्य र स्वास्थ्यजन्य उपकरण, स्वास्थ्य सामाग्री, औषधि र विपदजन्य सामाग्रीहरु समेत) प्राय सबै जलेर नष्ट/क्षतिग्रस्त भएको अवस्थाबाट ठुलो धनजनको क्षति स्थलगत क्षतिको मुचुल्का समितिको प्रतिवेदन अनुमोदन गर्ने र सो समितिलाई धन्यबाद दिने ।

निर्णय नं. २

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रममा हाललाई तलव, घरभाडा, विद्युत्त महशुल लगाएत चालु प्रकृतिका अनिवार्य खर्च गर्नुपर्ने दायित्व भित्र रहेका शिर्षकहरुमा १० प्रतिशत रकम कम खर्च गर्ने ।

निर्णय नं. ३

"सम्मानित श्री उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज ईजलासमा मिति २०८१ साल चैत्र महिना ३१ गते चढाएको मेलमिलाप सम्वन्धी प्रतिवेदन सहित श्री हनुमान आधारभुत विद्यालय नेपालगञ्ज, १५, वाँकेको आर्थिक सहयोग सम्वन्धको प.सं. २०८१/०८२. च.नं. ५९, मिति २०८१/१२/३१ गतेको पत्र र प.सं. २०८२/०८३. च.नं. ०७, मिति २०८२/०६/०५ गते पुन: प्राप्त पत्र समेतको आधारमा जग्गा प्राप्तिको क्षतिपूर्ति, मुद्दा मिलापत्र लगाएतका कार्यमा नियमानुसार खर्च गर्ने गरी श्री हनुमान आधारभुत विद्यालय नेपालगञ्ज, १५, वाँकेको नाममा जम्मा रकम रु.२५००००.०० (दुई लाख पचास हजार मात्र) आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम अनुरुप "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने" कार्यक्रमबाट निकासा दिने ।

निर्णय नं. ४

मिति २०८२/०५/२३ र २४ गतेको Gen-Z आन्दोलनको क्रममा नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१ निवासी श्री सुलभराज श्रेष्ठ र श्री आयुष थापा मगरको मृत्युवरण भई शहादत भएकोमा शहिदहरुको सम्मानमा उप-महानगरपालिका अन्तर्गत वडा नं. १ मा पर्ने सुर्खेत रोडको प्रहरी गुल्मबाट वाटरपार्क तर्फको मार्गलाई शहिद आयुष-शुलभ (आशु) जेन्जी मार्ग नामाकरण गरी सोही स्थानमा शहिद गेट निर्माण गर्ने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमश: :

**मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :**

नगर कार्यपालिकाको कार्यालय, नेपालगंज, बाँके, लुम्बिनी प्रदेश, नेपाल २०७३

निर्णय नं. ५

नेपालगञ्ज उप-महानगरपालिकामा मिति २०८२/०६/१७ र १८ गते सामाजिक सदभावमा खलल पुग्ने गरी भएको द्विपक्षिय झडपमा घाईते भएका व्यक्तिहरुको उपचार खर्च उपचार भएको स्वास्थ्य संस्थाको औषधी उपचार सम्वन्धी कागजात र प्रहरी प्रशासनको प्रमाणित कागजातहरु समेतका आधारमा औषधी उपचार वापतको रकम सम्बन्धीत स्वास्थ्य संस्थाको नाममा आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने" कार्यक्रमबाट भुक्तानी दिने ।

निर्णय नं. ६

नेपालगञ्ज उप-महानगरपालिकाबाट पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग, लुम्विनी प्रदेश, बुटवलमा पठाईको माग आकृति फाराम अन्तर्गत स्थानीय स्वास्थ्य सेवा, हे.ई. समूह, जनस्वास्थ्य अधिकृत, अधिकृत सातौं तहको पदपूर्ति हाललाई नगर्न साथै अन्य पदहरुको पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ७

चालु आ.व. २०८२/०८३ मा उप-महानगरको शान्ति शुरक्षा तथा नागरिकको शान्ति अमन चयनमा प्रत्यक्ष लाभ पुर्याउने उद्देश्यले सिसि क्यामेरा जडान कार्यका लागि "नगरपालिकाको सुरक्षाका लागि निगरानी कायम गर्न सिसि क्यामेरा जडान" शिर्षकमा वजेट विनियोजन भएकोमा सोको विस्तृत अध्ययन गरेर उक्त योजनाको बोलपत्र आह्वान गर्नुपर्ने हुँदा मिति २०८२/०५/२३ र २४ गतेको जेन्जी आन्दोलनका कारण कार्यालयका नियमित कामकारवाहीमा समेत अवरुद्द हुने गरी कार्य विलम्व भईरहेको हुँदा सिसि क्यामेरा जडानको पहिलो चरणको कार्यका लागि विनियोजित "नगरपालिकालाई सुरक्षित वनाउन सिसि क्यामेरा जडानसम्बन्धी अध्ययन कार्यक्रम" विस्तृत परियोजना अध्ययन कार्य संक्षिप्त कार्यविधि अपनाई छोटो समयमा प्रतिवेदन प्राप्त गरी सिसि क्यामेरा जडानको योजनालाई चालु आ.व. भित्रै सम्पन्न हुने गरी प्रक्रियागत कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ८

नेपालगञ्ज उप-महानगरपालिकाको विपद् पूर्वतयारी प्रतिकार्य योजना, २०८२ अद्यावधिक गर्ने।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमश :

मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. ९

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. ०८१।०८२ मा सम्पन्न भई असाढ मसान्तमा भुक्तानी हुन नसकेका तपसिल बमोजिमका योजनाहरुको मिति २०८२।५।२४ गते Gen-Z आन्दोलनको क्रममा भएको आगजनीबाट सो सँग सम्बन्धित कागजात सहितका फाइलहरु पूर्णरुपमा नष्ट भई भुक्तानी बाँकी रहन गएको देखिएकाले भुक्तानीको लागि आवश्यक कागजात निर्माण व्यवसायी मार्फत संकलन गरी नियमानुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने।

तपसिल

| | |
|---|---|
| | आंशिक रुपमा फाईल रहेको र थप प्रमाण कागज जुटाई निर्णय पश्चात भुक्तानी हुने |
| १ | जेष्ठ नागरिक भवन निर्माण वडा नं. १२ (श्री जेष्ठ नागरिक क्लब भवन निर्मान उपभोक्ता समिति, नेपालगञ्ज-१२, बाँके) |
| २ | जमुनाहा नाकामा पार्किङ क्षेत्रमा बाटो निर्माण (श्री मिसन कन्स्ट्रक्सन, नैनापुर, बाँके ) |
| ३ | बागेश्वरी चिल्ड्रेन पार्क निर्माण र अन्य भौतिक संरचना निर्माण तथा रङरोगन (श्री बागेश्वरी काल भैरव कन्सट्रक्सन नेपालगंज-८ ,बाँके) |
| ४ | भवन मापदण्ड तथा योजना मापदण्ड संसोधन तयारी (श्री विनम्र ईन्जिनियरिङ्ग सर्भिसेज प्रा लि धनगढी ५ कैलाली) |
| | फाईल जलेको वा नष्ट भएको |
| १ | कार्यालयको आदेश अनुसार आवश्यक विभिन्न फ्लेक्स, डोर प्लेट छपाई गरे वापत (श्री लक्ष्मी मिडिया प्रिन्टर, नेपालगंज, बाँके) |
| २ | पाठेघर मुखको क्यानसर सम्बन्धि निशुल्क स्क्रिनिङ्ग क्याम्प तथा उपचार कार्यक्रम |
| ३ | मदरसा अहयाउल उलुम मर्मत मदरसा इस्लामिया फैजुल उलुममा छत ढलान निर्माण कार्य (श्री एस.एस विल्डर्स डुडुवा, बाँके) |
| ४ | मंलग प्रसाद माविमा ICT सामाग्री खरिद गरेवापत (श्री मंगल प्रसाद मावि, नेपालगंज, बाँके) |
| ५ | लड्डन शेषको घरदेखि सत्तार शेषको घरसम्म बाटो निर्माण कार्य |
| ६ | गोपाल कुर्मिको घर देखी हिरा खटिकको घरसम्म पिसिसि तथा नाला निर्माण वडा न. १५ कार्य (श्री एम. वाई कन्सट्रक्सन नेपालगंज-१३ ,बाँके) |
| ७ | केशव श्रेष्ठको घर देखि नामु ठेकेदारको घर सम्म नाला तथा पि.सि.सि वडां वडा न.७ कार्य (श्री एम.एस.आर ओम कन्सट्रक्सन प्रा.लि,डुडुवा गा.पा ,बाँके) |
| ८ | १०८ फिटे हनुमान मुर्ति निर्माण कार्य (Engineering and educational services pvt.ltd, lalitpur) |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner

मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १०

नेपालगञ्ज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपसिल बमोजिमका निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत-पत्र प्रदान गर्ने ।

तपसिल:

| सि.नं. | फर्मको विवरण | ठेगाना | प्रोपाईटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्रमिक कन्सट्रक्सन सर्भिस प्रा.लि. | नेपालगञ्ज-४, बाँके । | सुरेन्द्र ढकाल | |

निर्णय नं. ११

शिवशक्ति जनरल एण्ड अर्डर सप्लायर्सको प्रो. वेल बहादुर रानाले नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई दायर गरेको निषेधाज्ञा मुद्दा (०८१-WO-०११६) र करारको यथावत परिपालना, हर हिसाव तथा क्षतिपूर्ति मुद्दा (०८१-DP-०३१९), (०८१-DP-०२८०) मा श्री उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०८२/०३/१८ मा भएको फैसलामा चित्त नबुझेकोले सो फैसला उपर सम्मानित श्री सर्वोच्च अदालतमा पूनरावेदन गर्ने र उल्लेखित मुद्दामा भएको फैसला उपर पूनरावेदनपत्र दर्ता गरी तारेख दिई मुद्दाको पूर्पक्ष गर्न गराउनको लागि वारेस नियुक्त गर्न र अन्य आवश्यक कानूनी प्रक्रिया अवलम्वन गर्ने कार्यका लागि नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि शर्मालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १२

स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० को ३ (३.१)(३) अनुसार स्थानीय तहमा रहने समन्वय समितिमा तपसिल बमोजिमका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सदस्यमा मनोनित गर्ने ।

तपसिल:

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रामहरि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | श्री गोविन्द प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं. ९ | |
| ३ | श्री राज कुमार साहु तेली | वडा अध्यक्ष, वडा नं. २१ | |
| ४ | श्री दिपेन्द्र श्रेष्ठ | प्रशासकीय अधिकृत | |
| ५ | श्री अम्विका रिजाल | सहायक कृषि प्रसार अधिकृत | |
| ६ | श्री सूर्य बोगटी | नगर प्रहरी निरीक्षक | |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप महानगरपालिका



क्रमश:

मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १३

नेपालगञ्ज उप-महानगरपालिका नगर शिक्षा समितिको मिति २०८२ असोज ०८ गतेको तपसिल वमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

तपसिल:

क) यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत सन्चालनमा रहेको श्री ने.रा.मा.वि.ने.ग.१९ कण्ठीपुर विद्यालयमा मा.वि. (९-१०) तहमा कुनै पनि दरवन्दी नरहेकोले उक्त विद्यालयलाई यस उप महानगरपालिकाबाट मा.वि. तहको तलव सुविधा पाउने गरी नगर शिक्षण सहयोग अनुदान उपलव्ध गराउने ।

ख) नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत सन्चालनमा रहेका धार्मिक विद्यालयहरु (मदरसा) श्री दारुल उलुम वरकातिया मा.वि.ने.ग.११ बाँके, आइसा मदरसा तुल वनात ने.ग.५ बाँकेमा मा.वि. तह कक्षा १० सम्म सन्चालनमा रहेका, उक्त मदरसाहरुमा मा.वि. तहमा शून्य दरवन्दी भएकोले संघीय सशर्त अनुदान तर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको आ.व.२०८२/०८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिको कियाकलाप नं.२.७.१३.११, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यकम शीर्षकबाट वार्षिक रु १०,००,००० (अक्षरुपी रु दश लाख मात्र) का दरले र ऐदरा मिस्वाहिया गुल्सने दानिस ने.ग.६ बाँकेमा नि.मा.वि. तहमा शून्य दरवन्दी भएकोले वार्षिक रु ५,००,००० (अक्षरुपी पाँच लाख मात्र) एकमुष्ट अनुदान उपलव्ध गराउने।

निर्णय नं. १४

मिति २०८२/०५/२४ गते भएको Gen-Z प्रदर्शनका क्रममा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भएको आगजनी, लुटपाट तथा तोडफोडबाट कार्यालयका भौतिक पूर्वाधार सहित महत्वपूर्ण कागजात, अभिलेख, मेशिनरी औजारहरु, फर्निचर लगाएतका सामाग्रीहरु जलेर नष्ट/क्षतिग्रस्त भएको र सो बाट कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालनमा प्रतिकुल प्रभाव परेकोले तत्काल खरिद गर्न बजेट अपुग भएको हुँदा "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" बाट खर्च व्ययभार हुने गरी कार्यालयको लागि आवश्यक पर्ने मेशिनरी तथा औजार शिर्षकमा रु ९०००००.००/- (अक्षरेपी नौ लाख मात्र) र कार्यालयको लागि आवश्यक फर्निचर खरिदको लागि रु ८०००००.००/- (अक्षरेपी आठ लाख मात्र) खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

मिति २०८२/०६/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १५

मिति २०८२/०५/२४ गते भएको Gen-Z आन्दोलनको क्रममा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भएको आगजनी, लुटपाट तथा तोडफोडबाट कार्यालयको भौतिक क्षति भई सवारी साधनहरु समेत जलेर नष्ट भएका कारण कार्यालयको नियमित अत्यावश्यक कामकाजहरुमा समेत बाधा परिरहेकोले बजेट व्यवस्था भई सवारी साधन खरिद गर्न समय लाग्ने भएकोले सवारी साधन खरिद गरी आपूर्ति नभए सम्मका लागि चालु आ.व. २०८२/०८३ को "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" खर्च शिर्षकबाट व्ययभार हुने गरी रु. ५०००००.०० (अक्षरेपी पाँच लाख मात्र) को सीमा भित्र रही खर्च गर्ने गरी १ (एक) थान स्कार्पियो (Scorpio) गाडी (7 Seater) भाडामा लिन आवश्यक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १६

नेपालगञ्ज उप-महानगरपालिकाको परिसर भित्र रहेको नयाँ 200 KVA ट्रान्सफर्मर सञ्चालनका लागि नेपाल विद्युत प्राधिकरण लुम्बिनी प्रदेश डिभिजन कार्यालय, नेपालगञ्जबाट T:O.D Smart Meter/Meeting Unit जडान गरी कार्यसञ्चालन गर्ने प्रयोजनको लागि विद्युत्त प्राधिकरण, डिभिजन कार्यालय वाट स्वीकृत लागत अनुमान रकम रु.२,५०,६१०/७३ र सोको धरौटी वापतको रकम रु.९५११/१९ गरी जम्मा रु. २,६०,१२१/९२ (दुई लाख साठी हजार एक सय एक्काईस पैसा बयानब्बे) खर्च हुने विवरण प्राप्त भएकोमा चालु आ.व.२०८२/०८३ को बजेट कार्यक्रममा यस शीर्षकमा वजेट विनियोजन नभएको तर कार्यालयको नियमित रुपमा विद्युत आपूर्ती गर्ने कार्यमा प्रस्तावित काम गर्न अति आवश्यक भएकोले "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" शिर्षकवाट खर्च गर्ने गरी रु.२,६०,१२१/९२ (दुई लाख साठी हजार एक सय एक्काईस पैसा बयानब्बे मात्र) भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner